महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७
शान्तिनगर गाउँपालिका, दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं :२५

मितिः २०७७/३/२५

श्री अध्यक्षज्यू,
शान्तिनगर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
दाङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७७।७८
च.नं :२५ मितिः २०७७।३।२५

श्री अध्यक्षज्यू,
शान्तिनगर गाउँपालिका,
गाऊ कार्यपालिकाको कार्यालय,
चिराघाट, दाङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट ३ करोड ७१ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३५ लाख १२ हजार नियमित गर्नुपर्ने रु.१ करोड ७१ लाख ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४६ लाख ३८ हजार र पेश्की बाँकी १८ लाख ५८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३४ (चौतिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

शान्तिनगर गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५/७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउंपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाँउपालिका स्थापनाको प्रमुख उद्देश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस गाउंपालिका अर्न्तगत ७ वडा, मनोनित २ समेत ३९ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र शान्तिनगर गाउँपालिका भित्र रहेको छ ।

स्थानीय संचितकोषः आर्थिक वर्ष २०७५।७६ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

आयतर्फ			व्ययतर्फ		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
गत वर्षको जिम्मेवारी			**चालु खर्च**	२२१८७०३१६	
क) नगद	०		**पूँजीगत खर्च**	१०५७४१५१९.०१	
ख) बैंक	४२०४५६६५.००	**४२०४५६६५**	**एम्बुलेन्स खर्च**	४३५२६६.४३	**३२८०४७१०१.४**
राजस्व (आन्तरिक आय)					
क) आन्तरिक राजस्व	६०७९७११.७५	**६०७९७११.७५**	**धरौटी फिर्ता**	७४२३००	**७४२३००**
ख) राजस्व बाँडफाँड	५,७५,८८,६१२.८१	**५,७५,८८,६१२.८१**	**कोष खर्च**	०	
वित्तीय हस्तान्तरण	**२२,२८,१७,०००.००**	**२२२८१७०००**	**अनुदान फिर्ता**		**२२१२२७३५.५२**
क)वित्तीय समानीकरण अनुदान	९,१०,००,०००.००		संघीय संचितकोष फिर्ता	१४५५७३५३.००	
ख) सशर्त अनुदान	१३,१८,१७,०००.००		प्रदेश संचितकोष फिर्ता	६५१३४३३.३७	
ग) समपूरक अनुदान	०		रोजगार कार्यक्रम फिर्ता	७६८६८२.८८	
घ) विशेष अनुदान			सामाजिक सुरक्षा फिर्ता	२६९८००.००	
ङ) अन्य संघिय सशर्त अनुदान	४,४७,५३,७०३.८८	**४४७५३७०३.८८**	स्थानीय पुर्वाधार फिर्ता	१३४६६.२७	
प्रदेश सरकारबाट अनुदान	१,४०,४८,०००.००	**१४०४८०००.००**	**मौज्दात**	०	**४४०४५५५९.३८**
क)वित्तीय समानीकरण अनुदान	४२,९८,०००.००		**क)** नगद (एम्बुलेन्स)	२००८.३	
ख) सशर्त अनुदान	९७,५०,०००.००		**ख)** बैंक मौज्दात		
विभिन्न कोषतर्फको आय	०		मुल संचितकोष खाता	३७१०५०४१.०३	
विभाज्य कोष	४९६५३१५.९	**४९६५३१५.९**	धरौटी खाता	१८७७३८७.००	
जनसहभागिता (नगद)	**४०,०००.००**	४००००	एम्बुलेन्स संचालन खाता	९५८०७.१५	
धरौटी आय	**२६,१९,६८७.००**	**२६१९६८७**	विभाज्यकोष खाता	४९६५३१५.९	
जम्मा		**३९४९५७६९६.३**			**३९४९५७६९६.३**

......

सि.न.	लेखापरिक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**असुली :** कार्यालयले विद्यालयहरुलाई दोहोरो निकासा दिएको रु ४,२१,७९१।०० र उपभोक्तालाई बढि भुक्तानी दिएको रु ५०३५०।०० समेत रु ४७२,१४१ लेखापरिक्षणको क्रममा असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।	
२.	**वित्तिय विवरणको यथार्थताः** कार्यालयले सन्चित कोषको एकिकृत हिसाव तयार गरेको छैन । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२.१	**वित्तीय प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाऊँ स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ ।	
२.२	**गतवर्षको जिम्मेवारीः** कार्यालयले गतवर्षको अन्तिम मौज्दातलाई यो वर्षको शुरु जिम्मेवारी अर्थात मौज्दात कायम गरेको हुनु पर्दछ । कार्यालयको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार अन्तिम	

	मौज्दात रु ४१९५०५८०/- देखिएकोमा यो वर्षको शुरु मौज्दात रु ४२०४५६६५/- सारेकोले रु ९५०८५/- बढि कायम गरेका देखियो । अतः बढि जिम्मेवारी कायम गर्नुको कारण उल्लेख नगरेकोले हिसा मिलान गर्नु पर्दछ ।	
३	**आन्तरिक नियन्त्रण प्रणाली** यसमा देहायका व्यहोराहरु देखिएका छन् ,	
३.१	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अत आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ ।	
	क) राजश्व वक्यौता असुली सन्तोषजनक भएको छैन । ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि गरेको छैन । **ग)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक राखेको छैन । **घ)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने गरेको छैन । ङ) इन्धन खर्चको लगबुक राख्ने गरेको छैन । **च)** उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको छैन । छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा शिक्षा,स्वास्थ्य,अस्पताल लगायत गाउँपालिका समेतको लगायत तलबी प्रतिवेदन पारित गराएको छैन । ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ राखेको छैन । झ) खरिद आदेश बिना सामान खरिद । ञ) पेश्कि खाता राखेको छैन । (ट) आम्दानी खर्चका केहि गोश्वरा भौचरहरु सिलसिलेवार रुपमा फाइलमा राख्ने नगरेको । (ठ) बजेट खर्च लेख्दा बैक आदेश तयार गरेकोमा सम्बन्धित बैकले बुझेको प्रमाणहरु राख्ने नगरेको । (ड) कार्यालयले आन्तरिक लेखापरिक्षक शाखा गठन गर आन्तरिक लेखापरीक्षण गर्ने नगरेको ।	
३.२	**कार्यविवरण**:- निजामति सेवा नियमावली २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अतः कार्य विवरण तयार गरी कर्मचारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ ।	
३.३	**दिर्घकालिन योजना**:- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरुको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार लगायत स्थानीय तहले संचालन गर्ने कार्यक्रमको दिर्घकालिन योजना तयार गरी कार्यान्वयन गर्नुपर्न दखिन्छ ।	
४	**बजेट, अख्तियारी,कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयनः-** यसमा देहायको व्यहोराहरु देखिएका छन् ।	
४.१	**वजेट पेश गर्ने तथा पारित गर्ने**:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम	

र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ १० मा पेश गरि २०७५ आषाढ २० गते स्वीकृत गरेको छ ।

४.२ **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।२० गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्था अनुसार उपलव्ध गराएको देखियन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४.३ **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्षमा सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यालयले त्यस अनुसार लक्ष्य प्रगति विवरण तयार गरेको छैन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार कुल कार्यक्रम ११ मध्ये .१. मा शुन्य, ..१. मा .२५.. प्रतिशत भन्दा घटि प्रगति गरेको देखियो । त्यस्तै सहायक कार्यक्रम ..४५८.. भएकोमा .५३.. मा शुन्य, .१०.. मा .२५.. प्रतिशत भन्दा घटि, .२०.. मा .५०.. प्रतिशत भन्दा घटि र ३७५ मा ७५% भन्दा घटि प्रगति भएको देखिएको छ । कार्यालयले योजनागत खाता राखेको छैन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न तथा लक्ष्य बमोजिम प्रगति हासिल गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ ।

४.४ **टुक्रे योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकांश रु.५० हजार र सो भन्दा साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

४.५ **चौमासिक कार्यक्रम र आषाढको खर्चः** अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु .३२ करोड ७६ लाख ११ हजार गरेकोमा तेस्रो चौमासिकमा रु २१ करोड ६६ लाख ४० हजार अर्थात ६६.१३ प्रतिशत र आषाढ महिनामा रु.१२ करोड ४० लाख ४८ हजार अर्थात ३७.८६ प्रतिशत खर्च गरेको छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।

खर्च शिर्षक	**कूल खर्च (रु ०००)**	**प्रथम चौमाकि**	**दोस्रो चौमासिक**	**तेस्रो चौमासिक**	**आषाढ महिना**
चालु खर्च	२२१८७०	५११८८	४८५५५	१२२१२६	९६५६
पूँजीगत	१०५६४१	४५६४	६६६३	९४,५१४	६४३९२
जम्मा	**३२७६११**	**५५७५२**	**५५२१८**	**२१६६४०**	**१२४०४८**
खर्च प्रतिशत	**१००%**	**१७.०२%**	**१६.८५%**	**६६.१३ %**	**३७.८६ %**

५. **अनुगमन मुल्यांकन एवं पृष्ठपोषण व्यवस्थाः** कार्यालयले कार्यक्रम सन्चालन पश्चात गरेको कामको अनुगमन मूल्यांकन गरी निर्देशन र पृष्ठपोषण गरेको हुनुपर्छ । गाउँपालिकाको चालु खर्चको फाँटबारी अनुसार अनुगमन मूल्यांकनमा रु.७ लाख ५० हजार विनियोजन गरेकोमा ७ लाख ४९ हजार खर्च, भ्रमण खर्चमा रु.८ लाख विनियोजन गरेकोमा रु.७ लाख ९३ हजार खर्च, गरेको देखियो । तर अनुगमन मूल्यांकन तथा भ्रमणबाट फर्किए पछि प्रतिवेदन दिने तथा सुधारका पक्षहरु औल्याउनु पर्ने, कार्यान्वयन पक्ष र तत्पश्चात पृष्ठपोषणको व्यबस्था गर्ने गरेको देखिएन । यसबाट अनुगमन तथा भ्रमणको उद्देश्य तथा उपलब्धि विश्लेषण गर्न सकिएन । अतः भ्रमण तथा अनुगमन मूल्यांकन पश्चात प्रतिवेदन निर्देशन कार्यान्वयन एंव पृष्ठपोषणको व्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

६.	**पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको एकिकृत पेश्कीको विवरण अनुसार गाऊँपालिकाको गत वर्षको जिम्मेवारी रु.४००००० मध्ये यो वर्ष ३००००० फछ्र्यौट गरेकोले गत वर्षको बाँकी रु १००००० मा यो वर्षको थप रु.१९ लाख १७ हजार ४१४ समेत रु २० लाख १७ हजार ४१४ बाँकी रहेको देखाएकोमा पेश्कीको कच्चावारी अनुसार रु ५८०३१० मात्र पेश गरेको देखियो । एकिकृत पेश्की विवरणमा भन्दा कच्चावारीमा घटि पेश्की देखाएको रु १३३७१०४ को कच्चावारी तयार गर्नु पर्ने देखिन्छ । कार्यालयले पेश्की फछ्र्यौट देखाएकोमा सम्परीक्षणकालागी पेश गरेको छैन । अतः साविक गाउँपालिका तथा गाँउ बिकास समितिहरुको पेश्की बाँकी यकिन गरी अभिलेख तयार गरिनु पर्दछ । साथै यो वर्ष निम्न कर्मचारीहरुको नाममा रहेको पेश्कीसमेत फछ्र्यौट नगरी बाँकी रहेको छ। उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नु पर्ने रु.	५,८०,३१०/-

सि न	पेश्की लिनेको नाम	शीर्षक	पेश्की रु.
१	निर्माण व्यवसायी मेत्री कन्स्ट्रक्सन प्रा.लि	सशर्त पूजिगत	५,५९,०००
२	वडा अध्यक्ष जंग बहादुर पुनमगर	चालु	६२५
३	वडा अध्यक्ष फर्सा राम डाँगि		६२५
४	वडा अध्यक्ष धनबहादुर के.सी		६२५
५	वडा अध्यक्ष गीरीराज बस्नेत		६२५
६	वडा अध्यक्ष रवि बुढाथोकि		६२५
७	वडा अध्यक्ष पीमलाल वलि		६२५
८	वडा अध्यक्ष टोप बहादुर घर्ति		७५६०
९	वडा अध्यक्ष रमेश कुमार ठाडा मगर		१०,०००
	जम्मा		**५,८०,३१०/-**

६.१	**पेश्कीको कच्चावारीः** गाउँपालिकाले सशर्त पूँजीगततर्फ बैंक नगदि किताव अनुसार आषाढ मशान्तसम्म रु १८३७१०४/- पेश्की बाँकी देखिएकोमा कच्चावारीमा रु ५५९०००/- मात्र उल्लेख गरेकोले फरक रु १२७८१०४/- समेतको कच्चावारी तयार गरि पेश्की फछ्र्यौट गर्नु पर्ने देखिएको रु	१२७८१०४/-
७	**आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
७.१	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ।	
७.२	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधारण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. ६९ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ६० लाख ७९ हजार अनुमान भन्दा ११९ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।	
७.३	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास,	

	जि.स.स., म.स्वा.से, गरिवी निवारण कोष, एलजिसिडिपी लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवारमा समेटनु पर्दछ ।	
७.४	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ । साथै यो वर्ष देहायका पूर्वाधार उपयोगका सम्झौता अनुसार प्राप्त गर्नुपर्ने र बाँकीको अभिलेख कार्यालयले राखेको छैन । सम्झौता अनुसार आषाढ मसान्त २०७६सम्म देहाय अनुसार देखिएको उक्त रकम असुल गरिनु पर्ने देखिएको रु	३८६२८/-

ठे.नं.	घाट/ खोला	न्युनतम अंक भ्याट बाहेक	सकार गर्ने	न्युनतम अंक भ्याट बाहेक	भ्याट १३%	अग्रीम कर १.५%	दाखिला गर्नूपर्ने रु	दाखिला गरेको रकम	दाखिला गर्न बाँकी
४/०७५/ ०७६	बौलाहा खोला	२१४३२६०	एकराज निर्माण सेवा एण्ड सप्लायर्स	२५७५२००	३३४७७६	३८६२८	२९४८६०४	२९०९९७६	३८६२८

७.५	**आन्तरिक आय :** कार्यालयले यो वर्ष रु. ६० लाख ७९ हजार आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका ७ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले गाउँपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।	
७.६	**राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको दैनिक टिपोट खाता सहित आम्दानी असुली र बैंक दाखिलाको अभिलेख व्यबस्थित गरी नराखेको, वडा कार्यालयहरुले नगदी रसिद भरी नगद असुल गरेकोले यथार्थ आम्दानी यकिन गर्न सकिएन । साथै असुली भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्वको लेखा व्यवस्थित गर्नुपर्दछ ।	
७.६.१	**आर्थिक कार्यविधि ऐन २०५५ र प्रदेश आर्थिक कार्यविधि ऐन २०७४:** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ उपदफा ४ मा आफनो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १०% प्रतिशत र १५ दिन सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५% जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विमागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । तर प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) (२) मा १० दिनसम्म ढिला गरेको भए विभागीय प्रमुखले १० प्रतिशत जरिवाना गराउने र १० दिन भन्दा बढी ढिला गरेको भए १०% जरिवाना गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्ने व्यबस्था भएकोमा प्रदेश ऐनको व्यवस्था संघिय ऐनको व्यवस्थासंग बाझिएको छ । यसमा सुधार हुनु जरुरी देखिन्छ ।	
७.६.२	**वडा कार्यालयहरुको राजश्व दाखिला** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) (२) मा १० दिनसम्म ढिला गरेको भए विभागीय प्रमुखले १० प्रतिशत जरिवाना गराउने र १० दिन भन्दा बढी ढिला गरेको भए १०% जरिवाना गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्ने व्यबस्था रहेको छ । गाऊँपालिका मातहतका वडाहरुवाट देहाय अनुसार ढिला गरि मालपोत, सिफारिस दस्तुर,	

	दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल तथा विभागीय कारवाही गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार गनुपर्ने देखिएको रु	२८९५१५/-

वडा नं	**वडा सचिवको नाम**	**आय असुलि अवधि**	**असुलि रकम**	**दाखिला रकम**	**बैक दाखिला मिति**	**ढिला दिन**	**१० % जरिवाना**
१	**श्री गेहेन्द्रराज पाण्डे**	श्रावण	४८२२५	४८२२५	०७५/५/१७	१६	४८२३
		भाद्र	१८९१८	१८९१८	०७५/०६/१८	१७	१८९२
		असोज	९६५९	९६५९	०७५/०७/०९	०८	९६६
		कार्त्तिक	७५४७	७५४७	०७५/०८/११	१०	७५५
		मंसिर	२८१२१	२८१२१	०७५/०९/०६	५	२८१२
		पौष	२९७०९	२९७०९	०७५/१०/०७	६	२९७१
		माघ	२७३३०	२७३३०	२०७५/११/०६	५	२७३३
		चैत	४७७२४	४७७२४	०७६/०१/१२	११	०
		बैशाख	५२४९१	५२४९१	०७६/०२/०६	५	४७७२
		जेष्ठ	६०९७२	६०९७२	०७६/०३/०९	८	५२४९
	वडा नं१ को .	**जम्मा**					**३३०७०/-**
२	**टोप बं. घर्ति**	श्रावण	२६२७१/९४	२६२७२१	०७५/०८/२६	११५	२६२७
		भाद्र	३०७९४	३०७९४	०७५/०८/२६	८५	३०७९
		आश्विन	१६०९३	१६०९३	०७५/०८/२६	५५	१६०९
		कार्त्तिक	८८८१	८८८१	०७५/०८/२६	२५	८८८
		मंसिर	२६९९३	२६९९३	०७५/०९/२७	२६	२६९९
	श्री छविलाल के.सि	पौष	२९६६०	२९६६०	०७५/१०/०७	६	२९६६
	श्री प्रकाश विष्ट	माघ	२७२८६	२७२८६	०७५/१२/१८	४७	२७२९
	श्री टोप बहादुर घर्ति	फाल्गुन	१८९५०	१८९५०	०७५/१२/१८	१७	१८९५
		चैत्र	३३८२२	३३८२२	०७६/०२/१५	४४	३३८२
		बैशाख	४२५०५	४२५०५	०७६/०२/१५	१४	४२५०
	प्रकाश बिष्ट	जेष्ठ	५७७७५	५७७७५	०७६/०३/१८	१७	५७७७
	वडा नं. २ को जम्मा						**३१९०१/-**
३	**हेम प्रसाद भण्डारी**	श्रावण	६६४०५	६६४०५	०७५/०५/०४	३	६६४०
		भाद्र	३७९८७	३७९८७	०७५/०६/०५	४	३७९९
		आश्विन	३८७०७	३८७०७	०७५/०७/०९	८	३८७१
		कार्त्तिक	३८५६४	३८५६४	०७५/०८/०५	०४	३८५६
		पौष	४५२८६	४५२८६	०७५/१०/०५	०४	४५२९
		माघ	६३१६५	६३१६५	०७५/११/०७	६	६३१६
		फागुन	३७५३४	३७५३५	०७५/१२/०५	४	३७५३
		बैशाख	६४९५०	६४९५०	०७६/०२/१२	११	६४९५
		आषाढ	५१७१०	५१७१०	०७६/०४/०५	४	५१७१
	वडा नं. ३ को जम्मा						**४४४३०/-**
४	श्री डिल्लिराज रेग्मी	श्रावण	४२५००	४२५००	०७५/०५/०५	४	४२५०
		भाद्र	४२१०१	४२१०१	०७५/०६/०७	६	२४१०
		आश्विन	३०२५६	३०२५६	०७५/०७/०८	७	३०२६
	श्री बिमला खनाल	मींसर	४७०२५	४७०२५	०७५/०९/०६	५	४७०२
	श्री डिल्लिराज	पौष	५४२९१	५४२९१	०७५/१०/०६	५	५४२९

	रेग्मि	फाल्गुन	५११२१	५११२१	०७५/१२/०४	३	५११२
	श्री देवराज आचार्य	चैत	५९६०४	५९६०४	०७६/०१/११	१०	५९६०
	श्री गोविन्द बस्याल	बैशाख	५६१०७	५६१०७	०७६/०२/०६	५	५६१०
		जेष्ठ	५८८४०	५८८४०	०७६/०३/०५	४	५८८४
	वडा नं ४ जम्मा						**४२३८३/-**
५	श्री मिन बहादुर के.सि	श्रावण	५२१०८	५२१०८	०७५/०६/१०	३९	५२१०
		भाद्र	२७६०१	२७६०१		०९	२७६०
		आश्विन	२९४६७	२९४६७	०७५/०७/०९	०८	२९४७
		कार्तिक	६०८०३	६०८०३	०७५/०८/२६	२५	६०८०
		मंसिर	४५१३४	४५१३४	०७५/०९/५	३३	४५१३
		पौष	४०७२६	४०७२६	०७५/१०/०७	६	४०७२
		माघ	४१०४८	४१०४८	०७५/११/०९	८	४१०५
		फाल्गुन	४४४१८	४४४१८	०७५/१२/१९	१८	४४४२
		चैत	३८०३५	३८०३५	०७६/०१/१३	१२	३८०३
		बैशाख	५२७५६	५२७५६	०७६/०२/१४	१३	५२७६
		जेष्ठ	५९६४५	५९६४५	०७६/०३/१३	१२	५९६५
	वडा नं. ५ को जम्मा						**४९१७३/-**
६	श्री टुकाराम वलि	श्रावण	२३४७७	२३४७७	०७५/०७/१४	७३	२३४८
		भाद्र	३१८६८	३१८६८	०७५/०७/१४	४३	३१८७
		आश्विन	३२५२६	३२५२६	०७५/०८/२६	५५	३२५३
		कार्त्तिक	३४४३९	३४४३९	०७५/०८/२६	२५	३४४४
		मंसिर	४९३२४	४९३२४	०७५/११/०७	६६	४९३२
		पौष	३८०११	३८०११	०७५/११/०७	३६	३८०१
	अनन्त पुन	माघ	२९९६०	२९९६०	०७५/१२/१०	३९	२९९६
		फाल्गुन	२५५३६	२५५३६	०७५/१२/१०	०९	२५५४
		चैत्र	३७०५५	३७०५५	०७६/०१/११	१०	३७०५
		बैशाख	४७९४६	४७९४६	०७६/०२/०७	६	४७९५
		जेष्ठ	४१७६४	४१७६४	०७६/०३/३१	३०	४१७६
	वडा नं. ६ को जम्मा						**३९१९१/-**
७	श्री ज्ञान बहादुर परियार	श्रावण	३७०४०	३७०४०	०७५/०८/०६	९५	३७०४
		भाद्र	१५३४५	१५३४५	०७५/०८/२२	८१	१५३५
	श्री राजेश कुमार गुप्ता	असोज	२६९४०	२६९४०	०७५/०८/०९	३८	२६९४
		कार्त्तिक	३०३९७	३०३९७	०७५/०८/०९	१८	३०४०
	श्री ज्ञान बहादुर परियार	मंसिर	५३५८१	५३५८१	०७५/०९/२५	२४	५३५८
		पौष	४४७८०	४४७८०	०७५/१०/१४	१३	४४७८
		माघ	५५५२६	५५५२६	०७५/११/२५	२४	५५५३
		फागुन	४३६२६	४३६२६	०७५/१२/१३	१२	४३६३
		चैत्र	३४०३५	३४०३५	०७६/०१/१५	१४	३४०३
		बैशाख	६३९०६	६३९०६	०७६/०२/०९	८	६३९१
		ज्येष्ठ	७२७४७	७२७४७	०७६/०४/०३	३२	७२७५
	वडा नं. ७ को जम्मा						**४७७९४/-**
	सबै वडाको कुल						**२८९५१५/-**

७.७	**भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु .१८ लाख उठ्ने अनुमान भएकोमा यथार्थ आय संकलन गरेको विवरण तयार गरेको छैन । साथै वडागत आयको अभिलेख राखेको पनि देखिएन । अत: अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ ।	
७.८	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु ..५ लाख उठने लक्ष्य राखेको भएता पनि व्यवसाय कर संकलन गरेको तथा संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अत: आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।	
७.९	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अत: सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउन ध्यान दिनु जरुरी छ ।	
७.१०	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले यस शिर्षकमा उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको देखिएन । अत मनोरन्जन करको लगत तयार गरी कर असुल गर्नुपर्दछ ।	
७.११	**आम्दानी रसिद:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट प्राप्तहुने राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । तर यस कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ ।	
७.१२	**प्रारम्भिक वातावरणीय अध्ययन :** कार्यालयले ढुंगा,गिट्टी र बाल्वा आदि खनिज जन्य पदार्थ उत्खनन्का लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ । कार्यालयले गाउँपालिका क्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन र यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन । अत : प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ ।	
८.	**सार्वजनिक खरिद व्यवस्थापन:** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
८.१	**विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले नि:शुल्क रुपमा उपलब्ध	

गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले SUTRA प्रणालि प्रयोग गर्ने गरेको छ । तर प्रणालीले आयव्यय तयार गर्ने गरेको देखिएन । अत : प्रणालीलाई सुधार तथा Upgarde गरी कार्यान्वयन गरिनु जरुरी देखिन्छ ।

८.२ **बोलपत्र सहभागिता र लागत कवोल अंक तुलना :-** कार्यालयद्वारा गराइने खरिद तथा निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा मितव्ययी तवरले गरिएको हुनुपर्दछ । कार्यालयले पेश गरेको बिवरण अनुसार बोलपत्र बिक्री, दर्ता, लागत सम्झौता अनुपात बिश्लेषण गर्दा देहाय अनुसार खरिद गरेको देखियो ।

कार्यक्रम बिवरण	बोलपत्र बिक्री संख्या	बोलपत्र दर्ता संख्या	लागत अनुमान	सम्झौता अंक	लागत सम्झौता घटि अनुपात
जस्तापाता खरिद	४	३	३४,२३,३९८	२७२८७९६	२०.२९%
जुम्लेकुला सुन्दरदेवि सडक निर्माण	६	६	९९९६४६६	६३१२३२३	३६.८५
मन्टेश्वरि सामाग्री खरिद	३	२	३४००,०००	३३१६३०१	२.४६

८.३ **ठेक्का बन्दोबस्त :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३)मा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरि स्वीकृत गर्ने, अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार गर्ने,ठेक्का पट्टा स्वीकृत गर्ने समेतका कार्यहरु प्रथम चौमासिक अवधिमा गरि सक्नु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार ढिलो गरि तेस्रो चौमासिक अवधिमा ठेक्का बन्दोबस्त गरेको देखियो । अतः नियमावलीमा तोकिए अनुसारको अवधिमा ठेक्का बन्दोबस्त गरि ठेक्का स्वीकृती समेतका कार्यहरु गरिनु पर्दछ ।

खरिद कार्यक्रम	जम्मा		दोस्रो चौमासिक		दोस्रो चौमासिक		आषाढ माहिना	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
जुम्लेकुला सुन्दरदेवि सडक	१	६३१२३२३	-	-	१	६३१२३२३	१	६३१२३२३
जस्तापाता खीरद	२	३५०५६९६	-	-	२	३५०५६९६	१	६७१०००
मन्टेश्वरि सामाग्रि खरिद	१	३३१६३०१	-	-	१	३३१६३०१	१	३३१६३०१
औषधि खरिद	१	४९९१०६	-	-	१	४९९१०६	१	४९९१०६
विद्युत पोल खरिद	१	९९१६४१	१	९९१६४१	-	०	-	०
तारजालि खरिद	१	९९३१२१	-	०	१	९९३१२१	-	०
ह्युमपाइप खरिद	१	१७९२०८१	१	१७९२०८१	-	०	-	०
जम्मा	**८**	**१७४१०२६९**	**२**	**२७८३७२२**	**६**	**१४६२६५४७**	**४**	**१०७९८७३०**

८.४ **निर्माण कार्यको विमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री तथा उपकरण, त्रुटि सच्याउने अवधि सम्मा हुने नोक्सानी तथा कामदार/कर्मचारीहरुको दुर्घटना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण गराएका देहाय बमोजिमको निर्माण कार्यको विमा गराउने बोलपत्र कागजातमा व्यवस्था भएतापनि विमा गराएका छैनन् र विमा खर्च लेखेको पनि छैन । कार्यालयले त्यसको अनुगमन गरेको पनि छैन । यसबाट निर्माण स्थलमा हुने दुर्घटनाको क्षतिपूर्तिको जोखिम बढेको छ । अतः नियमावलीको व्यवस्था अनुसार विमा गराई दुर्घटनाबाट हुने जोखिमको क्षति न्यूनिकरण गरिनु पर्दछ ।

ठे.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	लागत अनुमान	कबोल अंक
१३	जुम्लेकुला सुन्दरदेवि सडक स्तरोन्नति	एकराज वि.एण्ड सप्लायर्स	९९९६४६६	६३१२३२३

९. उपभोक्ता समितिः- यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

९.१ **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी

	दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ ।	
९.२	**योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्वारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई योजनाको उपभोग, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरता हुनेगरी हस्तान्तरण गर्ने गरिनु पर्दछ ।	
९.३	**मेशिनरी प्रयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर, डोजर,ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने उल्लेख छ । तर कार्यालयको २०७५ पौष, चैत्र र २०७६ आषाढ महिनाको श्रेस्ता परिक्षणमा देहाय अनुसार उपभोक्ता समितिले सम्झौता गरेको काममा एक्साभेटर प्रयोग गरेकोमा नियमावली अनुसार सिफारिस तथा स्वीकृत समेत लिएको देखिएन । यस्तै खर्च अन्य महिनामा समेत हुन सक्ने भएकोले सो खर्चसमेत कार्यालयले स्वयं यकिन गरि यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ । साथै देहाय अनुसार उपभोक्ता समितिले गराएको काममा मेशिनरी प्रयोग गरेको देहाय अनुसारको खर्च नियमसम्मत् नदेखिएको रु	६९,३२,७४७/-

भौ.नं र मिति	उपभोक्ता समितिको नाम	कार्य सम्पन्न	निर्माण व्यवसायी	मेशिनको खर्च रु.
२५/०७५/९/१	बाघखोर बान्द्रेखोला वेटठेडाँडा अखेला सडक	५४६१६३	नेपाल एवम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्र.लि	४१४९०३
२७/०७५/९/०३	खिलतपुर बयिया आगसेय खुटि सडक मर्मत	१०९९८४		९९९७६
१४-०७५/३/२७	जयमाता सर्जिकल एण्ड केमिकल हाउस दाङ	२,२९,१३६/-	२२,९८४/-
१४-०७५/३/२७	जयमाता मेडिसिन स्पलायर्स, दाङ	४,७४,८६०/-	१७३५/-
		जम्मा	**५८,०५६/-**

१६.४ आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६(३) अनुसार वील भरपाई सहिलको लेखा राख्नु पर्दछ। आल विउ वितरण कार्यक्रम अर्न्तगत कृषकहरुलाई आलु विउ वितरण गर्न नेपाल एग्रे कन्सर्ट प्रा.लि दाङ को विल रु १,८५,००० मध्ये ५० प्रतिशतले रु ९२,५०० ढुवानि रु १०,००० र लोड अनलोड रु. ११२५ समेत रु. १,०३,६२५ को वील भर्पाइ मात्र भएकोमा भुक्तानि रु १,०९,५२५ प्रा.स चन्द्रशीमा कँडेललाई भुक्तानी भएकोले वढि भुक्तानि असुल गर्नुपर्ने देखिएको रु. ५९००/-

१६.५ आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा रकममा १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गोश्वारा भौचर र मितिमा भाडा भुक्तानि गरेकोमा कर कट्टा नगरेकोले असुल गर्नुपर्ने देखिएको रु. ३८००/-

गो.भौ.नं. मिति	नाम	वापत	भुक्तानि रु	कर रु
२२२-०७५/१२/१३	अनिल इलेक्ट्रोनिक्स	टेण्ट, साउण्डसिष्टम भाडा	३२,०००/-	३२००/-
२२८-०७५/१२/१४	शिवराज गौतम	ल्यापटप भाडा	६०००/-	६००/-

			जम्मा	३८००/-

१६.६ आयकर ऐन २०५८ को दफा ८८ अनुसार अन्य भुक्तानिमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार तालिममा प्रशिक्षक भत्ता पाएकोमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा १ प्रतिशतका दरले माग कट्टा गरेकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु. ३३५४५/-

गो.भौ.नं. र मिति	तलिमको नाम	प्रशिक्षकको नाम	जम्मा भुक्तानि	१५% कट्टा गर्नुपर्ने	१.५ %कर	घटि रु
२५४-२०७५/१२/२८	वयाले शैक्षिक संस्था मार्फत कटाई सिलाई	श्री देवकला भण्डारी श्री रमा चलाउने	३५००० ३५०००	५२५० ५२५०	३५० ३५०	४९०० ४९००
४०८-२०७६/३/२३	सितोरियो कराँते तालिम १.५ कर कट्टा छ	श्री मेह लाल थापा	९५०००	१४२५०	१४२५	१२,८२५
४२९-०७६/३/२३	फेसन डिजाईन सम्बन्धि सिलाई कटाई तालिम	श्री ज्ञानेन्द्र् परियार	६०,०००	९०००	६००	८४००
४३०-०७६/३/२३	एक महिने एडभान्स कटाई सिलाई तालिम	श्री राजेन्द्र परियार	१८,०००	२७००	१८०	२५२०
		जम्मा				**३३५४५**

१६.७ **खर्चको प्रमाण:** गो भौ नं ११६-०७५/९/२४ मा आर्थिक कार्यविधि नियमावलि २०५६ को नियम ३६(३) अनुसार खर्च लेख्दा खर्चका वील भरपाईसमेतको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यलयले समाजमा वातावरणिय शिक्षा विकास (सिड) संस्था ले जिल्ला स्तरिय वाल विवाह न्यूनिकरण कार्यक्रम रु. २५,००० भुक्तानि दिएकोमा संस्थाको वील भरपाई पेश नगरेको र सोमा १५% कर रु ३७५० कट्टा समेत नगरेकोले खर्चका विल भरपाई पेश गर्नुपर्ने रु. २५०००/-

१६.८ आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवामा १५ प्रतिशत र ८९ अनुसार कर विजक जारि गरेको भएमा १.५ प्रतिशत दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर निम्नानुसार पत्रपत्रिका तथा रेडियो एफ.एम हरुले सेवा वापत भुक्तानि दिएकोमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतका दरले मात्र कर कट्टा गरेकोले निम्नानुसार असुल हुनुपर्ने रु. १४१३८/-

गो.भौ.नं. र मिति	नाम	भुक्तानि रु	लाग्ने रु	कट्टी रु	घटि रु
११४-२०७५/९/२४	प्रदेश टुडे राष्ट्रिय दैनिक दाङ्ग " " "	७२०० ११५२०	१०८० १७२८	१०८ १७३	९७२ १५५५
११८-२०७५/९/२५	साक्षी खवर पत्रिका, दाङ्ग	२०००	३००	३०	२७०
२१४-२०७५/१२/३	साक्षी खवर पत्रिका दाङ्ग " " "	३००० २५००	४५० ३७५	४५ ३७	४०५ ३३८
२२१-२०७५/१२/१३	राप्ति पोष्ट घोराहि दाङ्ग	४०००	६००	६०	५४०
२२३-२०७५/१२/१३	रेडियो सन्जिवनि एफ.एम दाङ्ग	२०००	३००	३०	२७०
५१५-२०७६/३/३१	राप्ति समाचार राष्टिय दैनिक तुल्सिपुर दाङ्ग	२५००	३७५	३७	३३८
३८०-२०७६/३/२	रेडियो संजिवनि एफ.एम तुल्सिपुर	७०,०००	१०,५००	१०५०	९४५०
	जम्मा				**१४१३८।–**

१७. **सञ्चित कोष**: स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउंपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाछ । कार्यालयले साविकका ३ गाउँ विकास समितिको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालिन गाउँ विकास समितिको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी गाऊँपालिका अन्तर्गत ल्याइनु पर्दछ ।

१८ **घरनक्सा निवेदन र नक्शा पास :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ३३ को उपदफा (२) अनुसार नक्सा पासको लागी तोकिएको अवधि औसत ३० दिन देखी ५० दिन भित्र घर निर्माणको अस्थायी अनुमति पत्र दिनु पर्ने व्यबस्था छ। कार्यालयले तयार गरेको घर नक्सा पास र निर्माण कार्य सम्पन्न सम्बन्धी कार्य तथा साविकमा रहेका घरहरुको अभिलेखीकरण गर्ने गरेको देखिएन। अत: घर नक्सा पास तथा साविकका घरहरुको अभिलेखिकरणसम्बन्धि कार्य गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्ने देखिन्छ ।

१९	**जिन्सी सम्पति प्राप्ती,हस्तान्तरण एवं व्यवस्थापनः** यसमा देहायका व्यहोरा छन् ।	
१९.१	**जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयनः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार बर्षका एक पटक जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्न पर्ने व्यवस्था छ । कार्यालयको उपलब्ध गराएको जिन्सी निरिक्षण प्रतिवेदन अनुसार घुम्ने कुर्सी ३, थान मर्मत गर्नुपर्ने र साईन बोर्ड १ थान, मात्र चालु हालतमा नरहेको उल्लेख छ । यसबाट सरकारी जिन्सी सम्पत्तिको संरक्षण र उपयोगमा असर पर्दछ । अत : जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत हुन सक्नेको मर्मत सम्भार र मर्मत हुन नसक्नेको लिलाम बिक्री गरिनु पर्दछ ।	
१९.२	**सरकारी सार्वजनिक जग्गाको संरक्षणः** कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ । गाऊँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती जग्गाको अभिलेख तयार गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ	
१९.३	**जिन्सीको वार्षिक प्रतिवेदनः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ अनुसार कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको जिन्सि मालसामानको वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले तयार गरेको तथा सम्बन्धित मन्त्रालय र विभागल त्यसको अनुगमन गर्ने गरेको देखिएन । यसबाट नेप्सास अनुसारको प्रतिवेदन तथा सामानको वार्षिक मूल्यांकनमा असर पर्न सक्छ । यसको कारण गतविगत वर्ष देखि तयार गर्ने नगर्नु हो । अतः ऐनमा भएको व्यवस्था बमोजिम जिन्सिको वार्षिक प्रतिवेदन तयार गरिनु पर्दछ ।	
१९.४	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुँदा १७ बमोजिम गाऊँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको जिन्सी सम्पत्ति, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ/नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहमा समाहित भएका साबिकका गाउँ विकास समितिहरु तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख कार्यालयले एकिन गरी अध्यावधिक गरेको देखिएन । अतः कार्यालयले पेश्की बाँकी तथा बेरुजुको अभिलेख एकिकृत गरी उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।	
२०	**न्यायिक समिति र मुद्दा फछ्र्यौटः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहको न्यायिक समिति गठन हुने र दफा ५३ अनुसार न्यायिक समितिको वार्षिक कामको विवरण तयार गर्ने व्यबस्था छ । कार्यालयको वार्षिक प्रतिवेदन अनुसार २०७५/०७६ मा २७ वटा मुद्दा दर्ता भएको मध्ये ११ वटा मेलमिलाप द्वारा विवाद समाधान गरेको, ६ वटा प्रक्रियारत रुपमा रहेको र १० वटा अन्य निकायमा सिफारिस गरेको विवरणबाट देखिन्छ । न्यायिक समितिको न्याय सम्पादनका कार्यहरु प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।	
२१	**सेवा प्रवाहः-** गाउँपालिकाले यो वर्ष सर्वसाधारणले सेवा प्राप्तिका लागी कुल ७६८३ निवेदन मध्ये नागरिकता सिफारिस ११६१ घरवाये सिफारिस ६९० नाता प्रमाणित २०२ जन्म, मृत्यु, बसाईसराई दर्ता १८१२ तथा अन्य ३८१८ वटा कार्य सम्पन्न भएको विवरणबाट देखियो ।	
२१.१	**सेवा प्रवाहको पारदर्शिता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८(५) अनुसार गाँउपालीका/नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदशी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक प्ररिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार गराएको देखिएन । अतः ऐन अनुसारको व्यवस्थाको अनुशरण गरी सेवा प्रवाहलाई पारदर्शी गराइनु पर्दछ ।	
२२	**शिक्षा, युवा तथा खेलकुदः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२२.१	**निकासा खाता** : कार्यालयले विभिन्न विद्यालयहरुमा चौमासिक निकासा दिदा सो निकासा रकम निकासा खातामा प्रविष्टी गरी दोहोरो निकासा नहुने सुनिश्चित गर्नु पर्ने व्यवस्था छ । कार्याल्यले विद्यालयहरुलाई निकासा दिदा निकासा खाता अभिलेख राख्ने गरेको देखिएन जसले गर्दा दोहोरो निकासा हुन सक्ने जोखिम रहन्छ । कार्यालयले निकासा खाता अभिलेख अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।	
२२.२	**शिक्षक लगत :** कार्यालयले निकासा दिने विद्यालयहरुमा शिक्षक नयाँ नियुक्ति हुँदा, सरुवा, बढुवा	

तथा अवकास भएको अवस्थामा सोको विवरण अद्यावधिक गरीनु पर्दछ । कार्यालयले सा सम्बन्धि विवरण तयार गरेको देखिएन । शिक्षकको विवरण अद्यावधिक नहुँदा घटी बढी निकासा हुन सक्ने देखिन्छ । अतः शिक्षकहरुको लगत अधावधिक गरिनु पर्दछ।

२२.३ **शसर्त अनुदानः** गो भौ नं १६०-०७६/३/०७ मा कार्यालयले सशर्त अनुदानबाट तलब भत्ता खर्च लेखिनुपर्नेमा कृषि तर्फ २, पशुसेवा तर्फका ३ जना गरि ५ जनाको तलब भत्ता पोशाक विमा, चाडपर्व खर्च समेत रु.२०,८५,७८६/६० सशर्त बजेटबाट खर्च लेखि गा.पा चालुखर्चमा सोध भर्ना गरी चालुतर्फ आम्दानि वाँधेको नदेखिएको र कार्यालयले लेखापरीक्षणको क्रममा उक्त रकम सहित सशर्तको वचत रु.२०,९६२९४/३३ मिति २०७६/५/१९ मा गा.पा सञ्चितकोष दाखिला गरेको जानकारि गराएको रु.१०५०७/७३ वढि सोधभर्ना गरिएको देखियो । अतः वढि सोध भर्ना गरेको सशर्त अनुदानको निकासा संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने देखिएको रु. १०,५०७/७३

२२.४ **शिक्षक तलव भत्ता निकासाः** कार्यालयलाई विद्यालयहरुको तलब भत्ता निकास गर्दा स्वीकृत दरवन्दि एवं शिक्षक किताब खानाबाट पारित अभिलेख अनुसार दिएको हुनुपदर्छ । तर कार्पालयले देहायका विद्यालयहरुको तलब भत्ता निकासा गर्दा विद्यालय शिक्षक किताबखाना पारित प्रतिवेदनमा नभएका शिक्षकहरुलाई निकासा गरेको देखियो । **छलफलमा** अस्थायी शिक्षकहरुको कितावखातामा दरबन्दि नहुने जवाफ दिएको छ । अतः कक्षा ११ र १२ तथा प्राविधिक शिक्षा तर्फका शिक्षकहरुको तलव भत्ता देहाय अनुसार विद्यालयहरुलाई निकासा दिएकोमा निकासा दिनमिल्ने आधार प्रमाण नभएको रु. ४९९८४२०/-

सि. नं.	विद्यालयको नाम	पदको नाम	तलब	महंगि भत्ता	चाडपर्व	पोशाक	प्रविधिक भत्ता	जम्मा
१	ज क मा.वि सिमसुन्दरपुर	उ.मा. शिक्षक २	८२१२८०	४८०००	६८४४०	२०,०००	......	९५७२८०
२	ज क मा.वि प्राविधिक धार	प्रशिक्षक २	७३२०००	४८०००	६१०००	२०,०००	६०,०००	९२१०००
३	ज क मा.वि प्राविधिक धार	शिक्षक १	४१०६४०	४८०००	३४२२०	१००००	....	५०२८६०
	जम्मा							**२३८११४०**
४	वि.पि मा.वि वयाले	उ.मा शिक्षक २	८२१२००	४८०००	६८४४०	२०,०००	....	९५७२८०
५	वि.पि मा.वि प्राविधिक धार	प्रशिक्षक २	७३२०००	४८०००	६१०००	२००००	६००००	९२१०००
६	वि.पि मा.वि प्राविधिक धार	स.प्रशिक्षक २	५६४०००	४८०००	४७०००	२००००	६००००	७३९०००
	जम्मा							**२६१७२८०**
	कुल							**४९,९८,४२०**

२२.५ **अपाङ्ग छात्रबृत्तिः** एस.एस.डिपी सञ्चालन निर्देशिकाको क्रियाकलाप (२१.१५.११.७९७/८) अनुसार अपाङ्ग परिचयपत्रका आधारमा विद्यार्थिहरुलाई अपाङ्ग छात्रवृत्ति दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार अपाङ्ग छात्रवृत्ति वितरण गर्दा अपाङ्ग परिचय पत्र रहेको देखिएन । अतः अपाङ्ग परिचय पत्र बेगर अपाङ्ग छात्रवृत्ति दिएकाले नियम अनुसार नदेखिएको रु. २२०००/-

सि नं.	विद्यालयको नाम	बिद्यार्थिको नाम	छात्रवृत्ति	छात्रवृत्ति रु
१ २	अम्विकेश्वरि अमुवा " " "	श्री दिपा रोका श्री केशव परियार	ख क	३००० ५०००
३	जनशक्ति प्रा.वि हात्तिखाल	श्री अन्जलि चौधरि	क	५०००
४	सुन्डवरि आ.वि	श्री आयुष विष्ट	ख	३०००
५ ६	आदर्श मा.वि कासिपुर " " "	श्री हेमराज वि.क श्री अस्मिता चौधरि	ख ख	३००० ३०००
	जम्मा			**२२,०००**

२२.६ **खर्च पेश्कीः** गो भौ नं १६५-०७६/३/३० मा आर्थिक कार्यविधि नियमावलि, २०५६ को नियम ३६(३) अनुसार खर्च लेखदा वील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले पठाएको डइङ्ग डिजाइन तथा लागत अनुमानको आधारमा भूकम्पिय सुरक्षा कार्यक्रम अर्न्तगत विदालय पुन निर्माणका लागि विरेन्द्र मा.वि खिलतपुरलाई आर्थिक बर्ष २०७६/७७ को माघ मसान्दत भित्र कार्य सम्पन्न गराउने गरि रु.१५,००,००० निकासा दिएको देखियो । निर्माण सम्झौताको दफाा ३ मा विनियोजित रकम कार्य सम्पन्न नहुनाले विद्यालयको खातामा रु. १५ लाख रहने गरि खाता सञ्चालन गराउने र सो अनुसार खर्च व्यवस्थापन हुन नसके विद्यालयको खाता रोक्का गराउने व्यवस्था रहेकोले उक्त निकासा पेश्कि जनाई दिनुपर्नेमा सोझै खर्च जनाई दिएको देखियो । अतः उक्त खर्चको वील भरपाई पेश गर्नुपर्ने देखिएको रु. १५००,०००/-

२२.७ **शिक्षक तलब वृद्धि (ग्रेड वृद्धि)**: कार्यालयले विद्यालयमा कार्यरत शिक्षकहरुको ग्रेड वृद्धि रकम निकासा गर्दा शिक्षक बिताव खानाबाट पारित तलबि प्रतिदेदनको आधारमा दिनुपर्दछ। तर विद्यालयहरुलाई तलव निकास गर्दा देहाय अनुसार पारित तलबि प्रतिवेदन भन्दा बढि संख्यामा ग्रेड वृद्धि रकम निकास दिएको देखियो । अतः पारित प्रतिवेदन भन्दा वढि संख्यामा दिएको ग्रेड बृद्धि को चाड पर्व र क.सं.कोष थप समेतको निकासा असूल गर्नुपर्ने देखिएको रु. ४२५,८४३/८०

सि. नं	विद्यालयको नाम	शिक्षकको नाम.	पारित संख्या	दिएको संख्या	वढि संख्या	ग्रेड दर	वर्षिक रु
१	जनकल्याण मा.वि	श्री जंग वहादुर वली	०	५	५	७८३	५५५९३.००
२		श्री तील वहादुर के.सि	०	५	५	७८३	५५५९३.००
३	सरस्वति आ.वि बाघखोर	श्री जगत बहादुर वस्नेत	०	५	५	७८३	५५५९३.००
४	वि.पि मा.वि वयाले	श्री गुरु प्रसाद घर्ति	३	४	१	१०१८	१४४५५.६०
५	" " "	श्री निम कान्त पाण्डे	४	५	१	७८३	११११८.६०
६	नि.मा.वि वस्तिखोला	श्री गोपाल मल्ल	४	५	१	७८३	११११८.६०
७	जनता प्रा.वि	श्री शिव प्रसाद के.सि	०	५	५	७८३	५५५९३.००
८	प्रा.वि बाघखोर	श्री दधिराम भण्डारि	०	५	५	७८३	५५५९३.००
९	आदर्श नि.मा.वि	श्री चक्र बहादुर वलि	०	५	५	७८३	५५५९३.००
१०	वुद्ध मा.वि शान्तिपुर	श्री डिल्ली बहादुर वलि	४	५	१	७८३	११११८.६०
	जम्मा						**४२५८४३.८०**

२२.८ **प्रशिक्षण भत्ताः** गो भौ नं १७६-०७६/३/३१ मा गा.पा स्तरिय प्र.अ वैठक तथा य.जि.आर.पी अर्ध बार्षिक समिक्षा गोष्ठि एवं विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास तालिम कार्यक्रमको खर्चको वील भरपाईको आधारमा श्रोत शिक्षक गफार मियाँको रु.१६८,०००। पेश्कि फछ्यौट गरेकोमा देहायको व्यहोराहरु देखिएका छन् ।

क) गा.पा उपाध्यक्ष मिथिला शाहलाई इ.सि.आर.पी समिक्षा गोष्ठिको भत्ता निकासा बुझेको नदेखिएकोले श्री गफार मियाँबाट असूल गर्नुपर्ने देखिएको रु. ८५०/-

ख) प्रदेश सरकार द्वारा जारि खर्चको मितव्यापिता सम्बन्धि कार्यक्रम निर्देशिका २०७४ को दफा ४ अनुसार कार्यक्रमको रु.८००, प्रस्तुतिकरणको रु ७००, सहायक कर्मचारीहरुलाई रु.१५० भत्ता दिइने र कार्यालयको कर्मचारि भए कार्यपत्रको मात्र दिनु पर्ने तर प्रस्तुतिकरणको दिन नमिल्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार वढि भत्ता दिएको देखिएकोले असूल गर्नुपर्ने देखिएको रु. ६५४४/-

सि.नं.	कर्मचारिको नाम	विवरण	कक्षा दिन	दिएको	दिनुपर्ने	वढि	करपछि रु	कैफियत
१	शा.अ.श्री घनश्याम वलि	प्रशिक्षक	४	६०००	३२००	२८००	२३८०	कार्यक्रम नभएको
२	श्री कवि राज डाँगि भोजपुर	प्रशिक्षक	४	६०००	२८००	३२००	२७२०	कार्यक्रम नभएको
३	शा.अ घनश्याम वलि	कार्यक्रम संचालन	१	१०००	८००	२००	१७०	
४	प्र.अ श्री गफार मियाँ		१	१५००	७००	८००	६८०	कार्यक्रम नभएको
५	का.स श्री यस कुमारि पौडेल	"	१	५००	१५०	३५०	२९७	
६	का.स श्री पहल सिं वलि	"	१	५००	१५०	३५०	२९७	
		जम्मा					**६५४४**	

२२.९ **अनुगमन भत्ताः** प्रदेश सरकार द्वारा जारि मितव्यापिता सम्बन्धि निर्देशिका, २०७५ अनुसार कार्यक्रमको अनुगमन गरेको भत्ता दिन मिल्ने व्यवस्था रहेको देखिँदैन । आफैले सञ्चालन गरेको कार्यक्रम आफैले अनुगमन गरि भत्ता लिनु उपयुक्त नहुने हुँदा यस्तो खर्च नियन्त्रण गरर्नुपर्दछ । कार्यालयले देहाय अनुसार कार्यक्रम अनुगमन गरेको उल्लेख गरि अनुगमन भत्ता खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. ६१६००/-

गो.भै.नं.र मिति	कार्यक्रमको नाम	भत्ता पाउनेको नाम	पटक दिन	दर	जम्मा रु	करपछि रु
१७६-२०७६/३/३१	प्र.अ वैठक तथा अर्धबार्षिक समिक्षा गोष्टि	गा.पा अभ्यक्ष कमान सिंह डाँगी	१	१५००	१५००	१२७५
		प्र.प्र.अ निम ब. के.सि	१	१५००	१५००	१२७५
		लेखा अधिकृत लेखा भण्डारि	१	१५००	१५००	१२७५
		वडा अध्यक्ष श्री धन ब. के.सि	१	१५००	१५००	१२७५
१८०-	पढाइ सिप प्रवर्धन	अध्यक्ष कमान सिंह डाँगी	८	१०००	८०००	६८००
		उपाध्यक्ष मिथिला शाह	४	१०००	४०००	३४००

	२०७६/३/३१		प्र.प्र.अ. निम ब. के.सि	८	१०००	८०००	३८००	
			शा.अ.घनश्याम वलि	१६	१०००	१६०००	१३६००	
			लेखा अधिकृत लेखा भण्डारि	८	१०००	८०००	६८००	
			वडा अध्यक्ष धन ब.के.सि	४	१०००	४०००	३४००	
			प्र.अ श्री गफार मिया.	२	१०००	२०००	१७००	
	६६-२०७५/१२/१७	हात्तिपाइले रोग विरुद्ध औषधि वितरण कार्यक्रम	गा.पा अध्यक्ष कमान सिंह डागी	२	१०००	२०००	१७००	
			उपाध्यक्ष मिथिला शाहा	२	१०००	२०००	१७००	
			प्र.प्र.अ निम ब. केसि	२	१०००	२०००	१७००	
			ले.अ टोप ब. पार्धे	२	१०००	२०००	१७००	
			शा.अ घनश्याम वलि	२	१०००	२०००	१७००	
			स्वा.स हरि ब. पुन	२	१०००	२०००	१७००	
			लेखापाल कमल पाण्डे	२	१०००	२०००	१७००	
			संयोजक धन ब. के.सि	२	१०००	२०००	१७००	
			स्वा.सह घनश्याम पाण्डे	२	१०००	२०००	१७००	
	१३१-२०७६/३/५	स्वास्थ्य कार्यक्रम	प्र.प्र.अ निम ब. केसी	१	१०००	१०००	८५०	
			लेखा अधिकृत लेखा भण्डारि.	१	१०००	१०००	८५०	
			जम्मा				६१६००।-	

२२.१० **नमुना बिद्यालय सुधार गुरुयोजनाः** गो भौ नं १७३-०७६/३/३१ र ९०-०७६/१/२० मा कार्यालयले नमुना विद्यालय सुधार गुरुयोजना कार्यक्रम अर्न्तगत वि.पि कोइराला मा.विलाई रु. १ करोड ५० लाख अनुदान दिएकोमा देहायका व्यहोराहरु दिएका छन ।

क) उपभोक्ता समितिः सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ अनुसार मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत समावेश भएको रु. १ करोड सम्म लागत अनुगमनको निर्माण कार्य उपभोक्ता समिति वा समग्राहि समुहबाट गराउन सकिने व्यवस्था छ । शिक्षा विभाग द्धारा तयार गरेको एकेडेमिक ब्लकको लागत अनुमान रु ८६,४१,२७५/५२ मा १५ प्रतिाशत ओमरहेड रु. १२,९६,१९१/३३ समेत रु.९९,३७,४६,६८५ देखिएको र सो मा १३ प्रतिशत मु.अ. कर रु.१२९१८७०/६९ समावेश गर्दा ५ प्रतिशत कन्टिजेन्सी रकम वाहेक नै कुल लागत अनुमान रु.१,१२,२९,३३७/५४ कायम हुने देखिन्छ । तर कार्यालयले मुल्य अभिबृद्धि कर र ५ प्रतिशत कन्टिजेन्सि रकम समावेश नगराई लागत अनुमान रु.१ करोड भन्दा घटि भएको देखाई उपभोक्ता समिति मार्फत कार्य गराउन विद्यालयलाई निकासा दिएकोले नियमसम्मत देखिएन ।

ख) इकाइगत योगदानः सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ उपनियम ३ को खण्ड (क)(१) अनुसार उपभोक्ता समिति सँगको सम्झौता ६० लाख भन्दा बढि रुपैंया लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य ईकाईमा उपभोक्ता समिति वा लाभगग्रही समुदायले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने व्याख्या छ । तर कार्यालयले सम्झौतामा इकाइगत योगदान उल्लेख गरेको नदेखिएकोले नियम सम्मत देखिएन ।

ग) खर्च पेशिकः कार्यालय र विद्यालय व्यवबस्थापन बिच २०७६/३/३० मा भएको सँम्झौताको दफा (३) अनुसार विद्यालयको भवन निर्माण गर्न विद्यालयको बैंक खाता रु ८७,७०,१०४/- मौज्दात रहने गरि पेश्की दिने निर्णय भएको र सोही अनुसार मौज्दाल रहने गरि नेपाल इनभेष्टमेन्ट बैंकलाई २०७६/३/३१ मा बैंक आदेश दिएकोले निकासा रु ८७,७०,१०४/- विद्यालयको नाममा पेश्की रहेको हुनु पर्दछ । तर कार्यालयले उक्त निकासा मध्ये रु.१५८५,१०४/- मात्र पेशिक नजनाई बाँकी रु.७१,८५,०००/- सोभै खर्च लेखेकोले नियम सम्मत देखिएन । अतः उक्त रकम पेशिक नजनाई सोझै खर्च लेखकोले पेशिक कायम गरि खर्चका वील भरपाई नापी किताब, उपभोक्ताको वील तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु — ७१,८५,०००/-

घ) कार्यसम्पन्न प्रतिवेदनः आर्थिक कार्यविधि नियमावलि २०५६ को दफा ३६(३) मा खर्च लेख्दा वसील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सोहि कार्यक्रममा खर्च देखिएको रु.२६,२९,८९६/- र सोहि भवन निर्माणका लागि प्रथम तथा दोश्रो किस्ता रु ३६,००,०००/-। निकासा दिएकोमा सोसमेत रु ६२,२९,८९६/-कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । अतः उक्त कार्यसम्पन्न प्रतिवेदन तयार गरिनु पर्दछ ।

२२.१ **विद्यालय निकासाः** गाउँपालिका अर्न्तगत मा.वि.स्तर ६ वटा, नि.मा.वि स्तर ९ वटा प्रा.वि स्तर ११

१	वटा र धार्मिक विद्यालय मदरसामा १ समेत २७ वटा विद्यालयलाई अनुदान निकासा दिएको मध्ये जनकल्याण मा.वि, वी.पी कोईराला मा.वि, वस्तिखोला आ.वि र पेदा आ.वी समेत ४ विद्यालयको विद्यालय निकासा तलब भत्ता लेखापरिक्षण समेत गरियो। त्यस्तै प्रमाण काजगपत्र परिक्षण गरि सोहि आधारमा अन्य विद्यालय समेत सोहि व्यहोरा हुन सक्ने भएकोले कार्यालय आफैले छानविन गरि खर्च यकिन गर्नु पर्दछ । यसमा निम्न व्यहोरा रहेका छन् ।	
२२.१ १.१	जनकल्याण मा.वि लाई दोश्रो चौमासिक निकासा गर्दा ल्याव वाईको तलब भत्ता समेत निकासा दिएकोले उक्त रकम विद्यालयबाट असूल गरि बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.	९६,६८०/-
२२.१ २	**पाठ्यपुस्तक तथा छात्रबृत्तिः** कार्यालय अर्न्तगतका २७ शैक्षिक निकायहरु मध्ये जनकल्याण मा.वि, वी.पी कोइराला मा.वी बसितखोला आ.वि र पेदा आ.विको छात्रवृत्ति तथा पाठ्यपुस्तक अनुदानको प्रमाण कागजात परिक्षण गरियो । परिक्षण क्रममा कार्यालयले web site मा मातहतका सबै विद्यालयहरुलाई उल्लिखित प्रमाणहरु पेस गर्न सूचना जाारि गरे पश्चात सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा अन्य कर्मचारिहरु लेखापरिक्षण कक्षमासमेत सम्पर्कमा आएका र हाल सम्म छात्रबृत्ति तथा निशुल्क पाठ्यपुस्तकको वील भरपाईहरु कार्यालयमा पेश गर्न नपरेको भनाई राखेका थिए । कार्यालयले सशर्त रुपमा छात्रवृत्ति तथा पाठ्यपुस्तक निकासा दिने गर्दा पेश्की खर्च जनाउने र पुष्ट्याई हुने प्रमाण कागजातको आधारमा खर्च लेख्ने गरिनु पर्दछ । उल्लेखित ४ विद्यालयको छात्रवृत्ति तथा पाठ्यपुस्तकको खर्चको प्रमाण परिक्षणमा देखिएका व्यहोराहरु अन्य विद्यालयहरुमा समेत हुन सक्ने भएकोले कार्यालय सबै विद्यालयहरुको पाठ्यपुस्तक तथा छात्रबृत्ति खर्चको बील भरपाई संकलन गरी आफैले छानविन गरि यकिन गर्नु पर्दछ । साथै देहाय अनुसारको बढि अनुदान सम्बन्धित विद्यालयबाट असुल गरि बेरुजू खाता दाखिला गर्नुपर्ने देखिएको रु	५०५४१/-

सि.नं.	विद्यालयको नाम	कक्षा	विद्यार्थि संख्या	खरिद	वढि दर	अंग्रेजि पाठ्य पुस्तक	नेपालि पाठ्य पुस्तक	दर बृद्धि रु	जम्मा रु
१	वस्तिखोला आ.वी	ई.सिं.जि	०	१	१	७९५	७९५	१५९०	१५९०
२	पेदा आ.वी	१	७	८	१	४७३	१४०	६१३	६१३
	पेदा आ.वी	६	१३	१५	२	....	४५१	४५१	४५१
३	वी.पी मा.वी वयाले	१	३४	४०	६	....	२४४	२४४	१४६४
		३	३६	५०	१४	.....	२८८	२८८	४०३२
		४	६४	६५	१	....	३७२	३७२	३७२
		६	५९	७५	१६	......	४५१	४५१	७२१६
		७	९४	१०५	११	.....	५०२	५०२	५५२२
		८	१०९	११५	६	.....	५४४	५४४	३२६४
४	जनकल्याण मा.वि	१	१३	२०	७	४७३	१४०	६१३	४२९१
		२	१६	२०	४	४८२	१४२	६२४	२४९६
		३	१८	२०	२	५१४	१५४	६६८	१३३६
		४	२०	२५	५	५३५	१८०	७१५	३५७५
		६	४८	५५	७	....	४५१	४५१	३१५७
		७	३९	४५	६	....	५०२	५०२	३०१०
		९	११३	१३०	१७	.....	४५३	४५३	७७०१
		१०	११४	११५	१	......	४५१	४५१	४५१
	जम्मा								**५०५४१/-**

२३	**कृषि तथा पशु विकास तर्फ :** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२३.१	**कृषकहरुको माग संकलन र छनौटः** कार्यालयले कृषकहरुलाई अनुदानमा घाँसको विउ वितरणका लागि सूचना प्रकाशन गरि कृषकहरुबाट माग सकंलन तथा छनौट गरिएको हुनुपर्दछ । तर कार्यालयले अनुदान वितरण को लागि सुचना प्रकाशन गरि कृषकहरुबाट माग संकलन तथा आवश्यकताको पहिचान गरि छनोट तथा वितरण गर्ने गरेको देखिएन । लेखापरिक्षणको क्रममा सम्बन्धित शाखाका सँयोजकहरु सँगको छलफलमा सूचना प्रकाशन गरि माग संकलन तथा छनौट गर्ने नगरिएको र खरिद गरिएका वीउहरु सम्पर्कमा आएका कृषकहरुलाई वितरण गर्ने गरिएको जानकारि भयो अतः अनुदान विवरण गर्दा सूचना प्रकाशन गरि माग संकलन गर्ने र आवश्यकताको पहिचान गरि पारदर्शि प्रतिस्पर्धि एवं प्रभावकारि उपयोग गरिनु पर्दछ ।	

२३.१.१	गो भौ नं १५२-०७६/३/२४ मा कार्यालयले भकारो सुधार कार्यक्रम अर्न्तगत देव हार्डवयर एण्ड सप्लायर्सबाट २०० ली. को ९ वटा पोलिटंकि रु १५४५८/४० र ४९ वटा सिमेन्ट रु ३४३२९/४० समेत रु ४९७८७/८० मा खरिद गरि वितरण गरेको देखियो । उक्त अनुदान वितरण गर्दा सूचना प्रकाशन नै नगरेको र माग गर्न आएका ९ जनालाई वितरण गरेकोले वितरण प्रकृिया पारदर्शि, एवं प्रतिस्पर्धात्मक देखिएन । यस प्रकारको प्रकृयामा सुधार गरिनु पर्दछ ।	
२३.२	गो भौ नं १८१-०७६/३/३१ र २२-०७५/९/१ मा घाँसको र वीउ खरिद गरि वितरण गर्दा कृषकहरुले घास लगाउन क्षेत्रफल तथा जग्गा भए नभएको यकिन गर्ने गरेको देखिएन । यसबाट कार्यालयले वितरण गरेको घाँसको प्रभावकारि उपयोग भएको सम्बन्धमा सुनिश्चित हुने आधार रहेन । कार्यालयले कृषकहरुलाई वितरण गरेको घाँसको प्रभावकारी वितरण देहाय अनुसारको अवस्था देखियो । अतः कार्यालयले खरिद गरि कृषकहरुलाई वितरण गरेको घासको विउ सम्बन्धित कृषकले यथार्थ एवं पारदर्शि रुपमा प्राप्त गरि प्रभावकारि उपयोग हुन सक्ने व्यवस्था मिलाईनु पर्दछ ।	

वीउ आपूर्तक संस्था	विउको नाम	परिमाण	जम्मा रु	परिमाण	मूल्य रु.
दाङ्ग वहुउदेश्यीय कृषि फर्म	मेरङ्गे घास	५००	२५०००	६३८	३१९००
सुरज नर्सरि फर्म	किम्मु सिडलेस	६०००	४२०००	५९१५	४१४०५
	कटहर	३००	७५००	३५७	८९२५
	टाँकी	१०००	१००००	९५३	९५३०
	भटमास	५०	५००	.	
	दुवानि भाडा		१५०००		
खरिद नगरि वितरण देखिएका	नेपिय संप्स	…	….	३५९८	
पृथिव एग्रोभेट सेन्टर	वर्सिम के.नि	२४०	६७२००	१९८.५	५५४८०
	जै के.जि	६०	६०००	१५७.५	१५७५०
आसिमा भेट सेन्टर	भेच के.जि	१५५	१८६००	२२४.५	२६९४०

२३.३	**भत्ता खर्चः** प्रदेश सरकार द्धारा प्रकाशित सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यापि सम्बन्धि निर्देशिका, २०७५ अनुसार जिल्ला सदरमुकाम बाहिर गाउँस्तरमा सञ्चालित कार्यक्रममा कार्यपत्रको रु ८०० सहजकर्ता संयोजक भत्ता रु ४०० यातायात भत्ता प्रतिधि रु १०० प्रस्तुतिकरणको रु ७०० दिनुपर्ने तर कार्यपालिकाको कर्मचारिले प्रशिक्षण गरेको भए प्रस्तुतिकरणको भत्ता दिन नमिल्ने व्यवस्था छ।प्रदेश कानुनमा तर कार्यालयले देहाय अनुसार वढि दरमा भत्ता विवरण गरेकोले नियमसम्मत नदेखिएको रु.	२४,२१५/-

भौ.नं. र मिति	कर्मचारिको नाम	विवरण	दिनुपर्ने	दिएको	वढि रु.	कर पछि रु
६५-२०७५/१२/१३	प स्वा प्रा देवराज आचार्य	प्रशिक्षक १	८००	१५००	७००	५९५
	गोष्टि संयोजक गिता केसि	संयोजक	४००	१०००	६००	५१०
	प्र.स्वा.प्रा देवराज आचार्य	प्रशिक्षक २	१६००	२०००	४००	३४०
	प.स्वा.प्रा चित्र ब. के.सि	प्रशिक्षक १	८००	१०००	२००	१६०
१५५-२०७६/३/२५	प्रा.स भन्द्रशोभा कडेल	संयोजक १९	७६००	१९०००	११४००	९६९०
	प्रा.स चन्द्शोभा कडेल	यातायात १९	१९००	१९००	१९००	१६१५
	ना.प्र.स सरिता शर्मा	सहजकर्ता १९	७६००	१९०००	११४००	९६९०
	न.प्र.स सरिता शर्मा	यातायात १९	१९००	१९००	१९००	१६१५
		जम्मा				**२४२१५।**

२४	**स्वास्थ्य सेवाः–** यसमा निम्न व्यहोराहरु देखिएका छन ।	
२४.१	**वैठक भत्ताः** ५ नं प्रदेश द्धारा जारि स्थानिय तहका पदाधिकारि तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ अनुसार गाउँपालिकाहरुको कार्यपालिका तथा सभाको वैठक भत्ता रु.७००। निर्धारण गरेको छ । सो भन्दा वढि दरका गाउँपालिकाका कर्मचारिहरु समेतलाई भत्ता दिनु उचित देखिँदैन । कार्यालयले देहाय अनुसार सामाजिक परिक्षण र औषधि खरिद सम्बन्धि बैठकको वैठक भत्ता तोकिएको भन्दा वढि दरमा दिएकोले नियन्त्रण गरिनुपर्दछ । साथै देहाय अनुसार वढि भुक्तानी दिएको भत्ता नियमसम्मत नदेखिएको रु.	१४२८०/-

सि.नं.	कर्मचारिको नाम	वैठक संख्या	दिनुपर्ने	दिएको	वढि रु	कर पछि रु	
१	प्र प्र अधिकृत श्री निम बहादुर के.सि	४	२८००	६०००	३२००	२७२०	
२	लेखा अधिकृत श्री लेखा भण्डारि	४	२८००	६०००	३२००	२७२०	

३	स्वा.से श्री हरि बहादुर पुन	४	२८००	६०००	३२००	२७२०	
४	स्वा.सह.संयोजक श्री घनश्याम पाण्डे	४	२८००	६०००	३२००	२७२०	
५	ना.प्र. श्री शालिकराम लामिछाने	४	२८००	६०००	३२००	२७२०	
६	खरिदार विमला खनाल	१	७००	१५००	८००	६८०	
	जम्मा फिल्ड भत्ता					**१४२८०।-**	

२४.२ **संयोजक सहजकर्ता भत्ताः** गो भौ नं १२७-२०७६/३/४ र १३१-०७६/३/०५ मा प्रदेश सरकारद्धारा जारि सार्वजनिक खर्चको मापदण्ड कार्यविधि । मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ अनुसार संयोजक सहजकर्ता पारिश्रमिक रु ४०० दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार रु १००० का दरले दिएको देखियो । अतः वढि दरमा दिएको भत्ता नियम सम्मत नदेखिएको रु. २०४०/-

सि.नं	**भत्ता पाउनेको नाम**	**संख्या**	**दिनुपर्ने**	**दिएको रु**	**वढि रु**	**कर पछि**
१	प्र प्र अधिकृत श्री निम बहादुर के.सि सहजकर्ता	१	४००	१०००	६००	५१०
२	स्वा.सं. श्री हरि ब पुन, सहजकर्ता	२	४००	२०००	१२००	१०२०
३	स्वा.सह.सं. श्री घनश्याम पाण्डे सहजकर्ता	१	४००	१०००	६००	५१०
	जम्मा					**२०४०**

२४.३ **दैनिक भत्ता :** गो भौ नं १२७-०७६/३/४ मा भ्रमण खर्च नियमावलि, २०६४ अनुसार एकै दिन गएर आउन सकिने स्थान र १५ कि.मि क्षेत्र भित्रको भ्रमणमा आतेजाते बस भाडा र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च दिन मिल्ने व्यवस्था छ । कार्यालयले गाउँखपालिकाबाट घोराहि एकै दिन गएर आउन सकिने स्थानमा HIV Test kit खरिदका लागि स्वा.से.श्री हरि बहादुर पुनलाई २०७६/२/२८ देखि ३० गते सम्म दिनको भ्रमण देखाई आतेजाते भाडा रु.२०० र फूटकर रु.२०० तथा २.५ दिनको दैनिक भ्रमण भत्ता रु.३६०० सहित रु ४२०० दिएको थियो तर भ्रमण खर्च अनुसार आतेजाते भाडा रु २०० र फुटकर रु.२०० तथा १ दिनको खाजा खर्च रु.४०० समेत रु.८०० मात्र दिनुपर्नेमा रु ४२०० दिएकोले रु ३४०० वढि दिएको देखियो । यस्तै प्रकारको खर्च अन्यलाई समेत दिएको भए सो समेत कार्यालयले यकिन गरि असूल गर्नु पर्दछ । साथै बढि दिएको भ्रमण खर्च स्वा.स.श्री हरि बहादुर पुनवाट असूल गर्नुपर्ने रु. ३४००/-

२४.४ **फिल्ड /गाउँघर क्लिनिक भत्ताः** गो भौ नं १३५-०७६/३/११ मा कार्यालयको कर्मचारिहरुलाई फिल्ड तथा गाउँघर क्लिनिक भत्ता दिनुपर्दा नेपाल सरकारको निर्णय अनुसार दिएको हुनुपर्दछ । कार्यालय मातहत शखामा कार्यरत कर्मचारिहरु मध्ये देहायका कर्मचारिहरुलाई मासिक रु.८०० देखि १५०० सम्मका दरले फिल्ड भत्ता रु.४०० का दरले गाँउघर क्लिनिक भत्ता दिएकोमा फिल्ड भत्ता दिने निर्णय देखिएन । अतः गाउँपालिका क्षेत्रमा नै खटिएका कर्मचारिहरुलाई फिल्ड भत्ता रु.६३,६०० र गाउँघर क्लिनिक भत्ता रु.९२४०० दिन पाउने प्रमाण पेश गर्नु पर्ने देखिएको रु. १५६०००/-

सी.नं.	**कर्मचारिको नाम दर्ता**	**महिना**	**दर**	**जम्मा**
१	अ.हे.व पाँचौ श्री दुर्गा वहादुर के.सि शान्तिनगर	१२	८००	९६००
२	अ.हे.व चौथो श्री मोहन बहादुर रावत धनौरि	१०	८००	८०००
३	अनमी चौथो श्री कृष्ण भण्डारि, धनौरि	१०	८००	८०००
४	सि.अ.हे.व छैठा श्री हेमराज वलि, बाघमारे	१०	१२००	१२०००
५	चैथो श्री संगिता रायमाझि	१०	८००	८०००
६	अनमी श्री सरिता रेग्मी	१२	१५००	१८०००
	जम्मा			**६३६००**

ख) **गाउँघर किलिनिक भत्ताः**

सि.नं.	**कर्मचारिको नाम दर्ता**	**दिन**	**दर**	**जम्मा रु**
१	अ.हे.व पाँचौ श्री दुर्गा बहादुर के.सि	२७	४००	१०८००
२	अ.हे.व चौथो श्री मोहन बहादुर रावत	२४	४००	९६००
३	अनमी चौथो श्री कृष्ण भण्डारि	२४	४००	९६००
४	सि.अ.हे.व छैठौ श्री हेमराज वलि	२१	४००	८४००
५	" "चौथो श्री संगिता रायमाझि	२१	४००	८४००

	जम्मा गाउँघर क्लिनिक भत्ता	२३१	४००	९२४००
	कूल			१५६०००/-

२४.५	**बढी भुक्तानी**: गो भौ नं १३७-०७६/३/११ मा महिला स्वास्थ्य स्वयं सेविकाहरुको अर्धबार्षिक समिक्षा गोष्टिमा खर्चको विल भरपाई अनुसार रु ३०,००० मात्र खर्च लेख्नुपर्नेमा ३१,००० खर्च लेखि श्री हरिस कुमार डि.सि लाई भुक्तानि दिएकोले वढि भुक्तानि गरेको रकम निजबाट असुल गर्नुपर्ने देखिएको रु.	१०००/-
२४.६	**औषधि खरिद** : नागरिकका लागि निशुल्क वितरण गरिने औषधिमा निशुल्क वितरणका लागि भन्ने छाप लागाउनु पर्दछ । कार्यालयले निशुल्क वितरणका लागि लागत रु ९६८२५२ भएको औषधि खरिदका लागि दरभाउपत्र आहवान गरेकोमा घटि कवोल गर्ने गंगा मेडिसेल्सको कवोल अंक रु ४,९४,७४२ स्वकिृत गरि खरित गरिएको देखियो । खरिद गरिएका औषधि मध्ये केहि औषधिहरुको भौतिक परिक्षण गरिएकोमा केहि INS लेखिएको र केहिमा केहि पनि उल्लेख रहेको देखिएन । औषधिमा निशुल्क वितरण भन्ने नलेखिएको खरिद गएिका औषधिहरु उद्देश्य अनुरुप वितरण भएको भन्ने सुनिश्चित हुने आधार भएन । अतः नागरिकलाइ निशुल्क वितरण गरिने औषधिहरुमा स्पष्ट बुझिने गरि निशुल्क वितरणका लागि भन्ने लेखिनु पर्दछ ।	

सि न	औषधिको नाम	कैफियत	सि न	औषधिको नाम	कैफियत
१	नेमोक्स ५००	केहि नलेखेको	४	आमौल १५०	INSलेखेको
२	इन्टासिल ४००	केहि नलेखेको	5	WIN-2-250	INS लेखेको
२	सिफोक्सीन २५०	INS लेखेको			

२४.७	**सामाजिक परिक्षण**: गो भौ नं १५१-२०७६/३/२४ मा आयकर ऐन २०५८ तथा नियमावलि, २०५९ अनुसार निकायले सेवा वा मालसामान आपूर्ति गर्दा विजक जारि गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गा.पा अर्न्तगतका स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षणका लागि २०७६/२/३० मा तुल्सिपुर मिडिया प्रा.लि विच रु ९२,००० मा सम्झौता गरेको देखियो कार्यालयले कार्य सम्पन्न गरेको जनाई उक्त मिडियालाई रु ९२,००० भुक्तानि दिएकोमा मिडियाले विजक पेश गरिको देखिएन । अतः सेवा वा सामानको भुक्तानि गर्दा वील वीतरणको आधारमा भुक्तानि गर्नुपर्दछ । साथै मिडियाले विल विजक जारि गरेको नदेखिएकोले आन्तरिक राजश्व कार्यालयमा उक्त रकम समावेश गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु .	९२,०००/-
२५	**स्थानिय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाले देहाय वमोजिम रु.६७६९१००। सुविधा वापत भुक्तानी भएको देखियो ।	

सि. न.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभा सदस्य २३ जना	जम्मा बार्षिक
१	मासिक सुविधा	३००००	२७०००	१,४०,०००	७२०००	१६१०००	५१६०,०००
२	बैठक भत्ता सभाको आधारमा	३३६००	३२९००	४७५३००	२८०७००	५७९६००	१४०२१००
३	यातायात खर्च इन्धन(मासिक)	आवश्यकता अनुसार	१५००	१५७५०	०	०	२०७०००
४	प्रेस सल्लाहकार	२२१७०					१२७८४७/-
	जम्मा						**६७,६९,१००**

२५.१	**प्रेस सल्लाहकारः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार स्थानीय तहका पदाधिकारीले प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था देखिएन । तर कार्यालयले गाउ पालिका अध्यक्षको प्रेस सल्लाहाकारमा मिति २०७५/१०/८ देखि श्री टोप बहादुर पाण्डेलाई नियुक्ति गरि प्रति महिना रु.२२,१७० का दरले खर्च लेखेको देखियो । अतः यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्दछ । साथै उल्लिखित ऐनले नदिएको सुविधा राखि प्रेस सल्लाकार नियुक्त गरि आषाढ मसान्तसम्म भुक्तानि दिएकोले नियम सम्मत नदेखिएको रु.	१२७८४७/-
२५.२	**यातायात भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार	

	स्थानीय तहका पदाधिकारीलाई यातायात भत्ता दिन पाउने व्यवस्था देखिएन । तर कार्यालयले उपाध्यक्ष र ७ जना वडा अध्यक्षहरुलाई यातायात भत्ता दिएको देखियो । अतः उल्लिखित ऐन अनुसार दिनमिल्ने नदेखिएको रु	२०७०००/-
२६	**आन्तरिक लेखापरिक्षण** : स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्यय को आन्तरिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७५।७६ को आयव्यय कारोबारको आन्तरिक लेखापरिक्षण गराएको देखिएन । आन्तरिक लेखापरिक्षणको अभावमा नियमितता र वित्तिय शुद्धता सम्बन्धमा सुनिश्चितताको अभाव हुन गएको छ । अतः ऐनको व्यवस्था अनुसार आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।	
२७	**बेरुजु फछ्यौट र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १८ बमोजिम लेखापरिक्षणबाट बेरुजु फछ्यौंट गर्ने दायित्व जिम्मेवारी व्यक्तिको हुने र दफा १९ अनुसार तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । कार्यालयले **साविक** गाउँ विकास समितिहरु शान्तिनगर, बाघमारे र धनौरीको बाँकी वेरुजू रु ३१४२३८०।०० मध्ये १४३८५८१।०० फछ्र्चौट गरि रु १७०३८०२।०० फछ्र्चौट गर्न बाँकी रहेको विवरण पेश गरेको छ । उक्त पेश्की बेरुजूको कच्चावारी तयार गरेको देखिएन । लेखापरिक्षणको समयमा आ व २०७४।७५ को रु **१,७२,२९,४३०।८८** सम्परिक्षणकालागी पेश गरेकोमा देहाय अनुसार रु ३८,६०,५०७।८८ सम्परिक्षण गरिएको र गाऊँसभाले नियमित गरि पेश गरेको रु **१,३३,६९,३७३**/- सम्परिक्षणको जानकारी पछि गराईने छ । अतः साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरि फछ्र्चौट गरिनु पर्दछ ।	

सि न	दफा	सम्परिक्षणको व्यहोरा	रु
१	३५	पेश्की फछ्र्चौट गरेको प्रमाण पेश भएको	३,००,०००/-
२	२२.१	रसिद नियन्त्रण खाता पेश भएको	३५,६०,०५७/८८
		जम्मा	**३८,६०,०५७/८८**

अनुगमन तथा मुल्याङकन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेको छ। सोहि ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछययौट गर्ने गराउने काम कर्तब्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। तर कार्यालयले गत वर्षको वेरुजु फछयौट तथा सम्परीक्षण गराएको छैन र बाँकी बेरुजु स्थिति निम्नानुसार देखिएको छ।

गत वर्षको बेरुजु रु (क)	यो वर्ष फछयौट रु (ख)	बाँकी रु (ग)
२,३१,९७,००५/७३	३८,६०,०५७।८८	१,९३,३६,९४७।८५

अधावधिक वेरुजु स्थिति : गाऊँपालिकाको आर्थिक वर्ष २०७५।०७६ सम्मको फछयौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष सम्मको फछयौट गर्न बाँकी रु	यो वर्षको सं.प.बाट कायम बेरुजु रु	यो वर्षमा कायम बेरुजु रु	बाँकी
१,९३,३६,९४७।८५	०.००	३,७१,७८,२४८।६३	५,६५,१५,१९६।४८

....

शान्तिनगर गाउँपालिका

अनुसूची १

स्थानीयतह सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५–९)
१	**शान्तिनगर गाउँपालिका**	दाङ	४२०४६	९५२९८	१८६३२१	७१२९३	३५२९१२	२२१८७०	१०६१७७	२२८६५	३५०९१२	४४०४६

अनुसूची- २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	**शान्तिनगर गाउँपालिका**	दाङ	६९	४७	३७१७८				६९	४७	३७१७८	३५१२	१७१७०	१४६३८			३१८०८		१८५८	१८५८

अनुसूची : ३

अद्यावधिक वेरुजु स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजु
१.	**शान्तिनगर गाउँपालिका**	दाङ	२३१९७	३८६०	१९३३६		३७१७८	५६५१५